घोडाघोडी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सुखड, कैलाली
सुदूरपश्चिम प्रदेश नेपाल

फोन नं ०९१-४०२०६४
इमेल: ghodaghodimun@gmail.com

प.स. :- २०८२।०८३
च. नं. :- ३४११

मिति :- २०८३।०१।०९

विषयः शुल्क निर्धारण गरि पेस गर्ने सम्बन्धमा ।

श्री संस्थागत विद्यालयहरू (सबै)
घोडाघोडी नगरपालिका, कैलाली

प्रस्तुत विषयमा शैक्षिक सत्र २०८३ का लागि संस्थागत विद्यालयले लिने शुल्क सम्वन्धमा शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली २०५९ ( संसोधन सहित ) को परिच्छेद २५ नियम १४६ मा भएको व्यवस्था बमोजिम अनुसूची २२ ख तथा संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका २०७२ को नियम ५ मा उल्लेखित खर्च क्षेत्र सिमाङ्कन र शुल्क दरको निर्धारण तरिका र नियम ७ मा उल्लेखित शुल्क गणना कार्यविधि बमोजिम शुल्क निर्धारण गरि यस कार्यालयमा मिति २०८३।०१।११ गते कार्यालय समय भित्र अनिवार्य रुपमा पेस गर्नहुन अनुरोध छ । शुल्क निर्धारण गर्दा शैक्षिक सत्र २०८२ को वार्षिक परीक्षामा सम्मिलित विद्यार्थीहरुलाई आधार मानि तोक्नु पर्नेछ । शुल्क विवरण संगै शैक्षिक सत्र २०८३ का लागि नियूक्ति भएका शिक्षकहरुको शैक्षिक योग्यता र नियूक्ति पत्र समेत अनिवार्य रुपमा पेस गर्नहुन अनुरोध छ । खर्च क्षेत्र सिमाङ्कन र शुल्क गणना कार्यविधि यसै पत्र साथ संलग्न गरी पठाइएको व्यहोरा समेत अनुरोध छ ।

खगेन्द्र बहादुर सिंह
उप सचिव

| क्र.सं | पूर्वाधार | मापदण्ड |
|---|---|---|
| ३१ | कक्षा-३ र ५ को सिकाइ उपलब्धि परीक्षण | प्रत्येक विद्यालयले प्रत्येक वर्षको वार्षिक परीक्षा सम्पन्न भएको १ महिना भित्र स्रोतकेन्द्रले नमुनाका रूपमा अथवा सबै विद्यार्थी समेटेर सञ्चालन गर्ने कक्षा -३ र ५ को सिकाइ उपलब्धि परीक्षामा विद्यार्थी सहभागी गराउने । |
| ३२ | शैक्षिक उपाधिको प्रमाण पत्र | प्रत्येक विद्यालयले वार्षिक परीक्षाको नतिजा प्रकाशन सम्पन्न गर्ना साथ प्रत्येक विद्यार्थीलाई शैक्षिक प्रमाण पत्र अनिवार्य प्रदान गर्ने तथा विद्यालय छाडेर अन्यत्र जाने विद्यार्थीहरुलाई अनिवार्य रुपमा स्थानान्तरण प्रमाण पत्र प्रदान गर्ने । |

नोट : विद्यालयमा सञ्चालन गरिने आवास सुविधाको मापदण्ड संस्थागत विद्यालय मापदण्ड तथा सञ्चालन निर्देशिकामा तोकिए बमोजिम हुने ।

## ४. खर्चक्षेत्र सीमाङ्कन र शुल्कदरको निर्धारण

विद्यालयलाई अभिभावकबाट शुल्कस्वरूप प्राप्त हुने रकम र सञ्चालकका लगानीबाट उपलब्ध बजेटको खर्च व्यवस्थालाई पारदर्शी तुल्याउन तलको तालिका बमोजिमको खर्च क्षेत्र लागु गर्नु पर्नेछ र यसैका आधारमा विद्यार्थीहरूबाट लिइने मासिक शुल्क निर्धारण गर्नु पर्नेछ ।

| क्र. सं | खर्चक्षेत्र | अनुपात % |
|---|---|---|
| १ | शिक्षक कर्मचारीको तलबभत्ता तथा अन्य कल्याणकारी सुविधा व्यवस्था | ६० |
| २ | विद्यार्थी छात्रवृत्ति (ग्रामिण शिक्षा विकास कोष लगायत प्रशासनिक व्यवस्थालाई यसै अन्तर्गत रहने गरी) | ९.५ |
| ३ | घरभाडा, बैङ्ककर्जाको व्याज, | १४ |
| ४ | शैक्षिक विकास कार्यक्रम (प्रविधि, उपकरण, पुस्तकालय आदि) व्यवस्था | ७ |
| ५ | संस्थागत विकास (लगानि प्रतिफल समेत) | ९.५ |
| | जम्मा | १०० |

घोडाघोडी नगरपालिका नगर कार्यपालिकाको कार्यालय सुखड, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रतिलिपी

| क्र. सं | शुल्क शीर्षक | मापदण्ड |
|---|---|---|
| | | पारिश्रमिक तथा मर्मत खर्च बापत । |
| १२ | शैक्षिक भ्रमण | विद्यार्थीको व्यवहारिक ज्ञान अभिवृद्धिका लागि अन्तर-विद्यालय भ्रमण , पर्यटकीय क्षेत्र भ्रमण तथा internship सञ्चालन बापत । |
| १३ | अन्तर विद्यालय प्रतियोगिता सञ्चालन | विद्यार्थीको बौद्धिक तथा शारीरिक विकासका लागि उपयोगी प्रतियोगिता सञ्चालन बापत । |
| १४ | शैक्षिक सामग्री शुल्क | कक्षा शिक्षणका लागि आवश्यक पर्ने छपा इ र श्रव्य -दृश्यजस्ता सामग्री खरिद बापत |

## ७. शुल्क गणना कार्यविधि

मासिक शुल्क निर्धारणको लागि विद्यालयले वार्षिक कार्यक्रम र बजेट तयार गर्दा शुल्क दर आँकलन (Fee estimate) तयार गर्नु पर्नेछ । मासिक शुल्क गणनाको लागि देहायअनुसार गरी प्रत्येक शैक्षिक सत्रको पौष मसान्तसम्म शुल्क आँकलन तयार गरी शिक्षक अभिभावक भेलामा पेस गर्नु पर्नेछ। यस कार्यको लागि खर्च क्षेत्र सीमाङ्कनका आधारमा देहायअनुसार मासिक शुल्क निर्धारण विधि प्रयोग गरिएको हुनु पर्नेछ ।

क. मापदण्डमा तोकिएबमोजिम विद्यालयको शिक्षक तथा कर्मचारीको १३ महिनाको तलब खर्चको जम्मा हिसाव (नेपाल सरकारले उपलब्ध गराए सरह)

ख. शिक्षक कर्मचारीलाई कल्याणकारी सुविधा बापत "क" को जम्मा योगको १८ प्रतिशतले हुन आउने रकम ।

ग. (क+ख) को कुल योगलाई ६० प्रतिशत मान्ने

घ. बाँकी ४० प्रतिशत मध्ये

अ. ८ प्रतिशत छात्रवृत्ति १.५ प्रतिशत ग्रामीण शिक्षा विकास कोष गरी जम्मा ९.५ प्रतिशत

आ. शैक्षिक विकास कार्यक्रम , (प्रविधि उपकरण, पुस्तकालय) आदिमा ७ प्रतिशत , घरभाडा बैङ्क कर्जाको ब्याज १४ प्रतिशत , संस्थागत विकास लगानी प्रतिफल समेत ९ .५ प्रतिशत जम्मा ३०.५ प्रतिशत

ङ. प्रति विद्यार्थी वार्षिक लागत निकाल्ने :-

(१) प्रति कक्षा औसत विद्यार्थी सङ्ख्या भन्दा बढी विद्यार्थी भएमा ग र घ को कुल योगलाई जम्मा विद्यार्थी सङ्ख्या ले भाग गर्ने ।



घोडाघोडी नगरपालिका नगर कार्यपालिकाको कार्यालय सुखड, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

(२) प्रति कक्षा औसत विद्यार्थी सङ्ख्या भन्दा घटी विद्यार्थी भएमा ग र घ को कुल योगलाई जम्मा कक्षा X ३३ (औसत विद्यार्थी सङ्ख्या) ले भाग गर्ने ।

घ. प्रति विद्यार्थी वार्षिक लागतलाई १२ ले भाग गर्दा हुन आउने अङ्कलाई मासिक शुल्क कायम गर्ने ।

छ. अन्य शुल्कको सम्बन्धमा :

अ. आवास शुल्क: विद्यालयले पेस गरेको आवास सञ्चालन कार्यक्रम / योजनालाई आवासीय विद्यार्थीहरूको अभिभावक को २/३ भेलाले अनुमोदन गरेको हुने ।

आ. दिवा भोजन तथा खाजा शुल्क : सोही सेवा उपभोग गर्ने अभिभावकको भेलाले पारित गर्नु पर्नेछ ।

इ. परिवहन शुल्क :- परिवहन सेवा उपभोग गर्ने विद्यार्थीको अभिभावकको भेला र विद्यालयबिच भएको सहमति अनुरूप हुनेछ ।

ई. विशेष प्रशिक्षण शुल्क गणना गर्दा विद्यालयले आवश्यक शुल्क प्रस्ताव गरी उक्त सुविधा उपभोग गर्ने विद्यार्थीहरूको कम्तीमा पनि दुइतिहाइ अभिभावकहरूको भेलाबाट पारित गर्नु पर्नेछ।

## ८. शुल्कको अनुमोदन तथा स्वीकृति विधि

देहायको विधि अनुसार विद्यालय तथा सम्बन्धित निकायले शुल्क निर्धारणको आँकलन अभ्यास, अनुमोदन तथा स्वीकृति गर्नु पर्नेछ ।

| क्र.सं. | विवरण | विधि |
|---|---|---|
| १ | शुल्क आँकलन अभ्यास | • यसै निर्देशिका बमोजिम तोकिएको शुल्क शीर्षक सीमाङ्कन , खर्चक्षेत्र सीमाङ्कन, विद्यालयको वार्षिक कार्यक्रम तथा बजेट र शिक्षा नियमावलीको अनुसूची-२२ को व्यवस्थालाई आधार मानी प्रत्येक विद्यालय कक्षागत शुल्क दर आँकलन फसिर मसान्त सम्म तयार गर्ने । |
| २ | शुल्क दर आँकलन पेस गर्ने | • विद्यालयले शिक्षक अभिभावक सङ्घ समेतको उपस्थितिमा अभिभावक-शिक्षक सभा (Parent-Teachers' House) आयोजना गर्ने र त्यस सभामा विद्यालयले आँकलन गरेको शुल्क दरलाई शुल्क प्रस्तावका रूपमा पौष पहिलो हप्तासम्म पेस गर्ने ।<br>• विद्यार्थी सङ्ख्या बढी भएका कारण एकै पटक विद्यालयस्तर कै सभा सञ्चालन गर्न सम्भव नभएमा कक्षागत वा तहगत सभा सञ्चालन गर्ने |
| ३ | शुल्कअनुमोदन र प्रस्ताव | • विद्यालयले आयोजना गरेको शिक्षक अभिभावक सङ्घ समेतको सभाले विद्यालयले आँकलन गरेको शुल्क प्रस्तावलाई विद्यालयको अघिल्लो वर्षभरिको सम्पूर्ण कारोबारको सामाजिक परीक्षण (social audit) र प्रस्ताव गरिएको शुल्कको खर्च क्षेत्र समेतका आधारमा विश्लेषण गरी अनुमोदन गर्ने । |

प्रतिलिपि

घोडाघोडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुखड, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल